फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या:- ०८२/८३
चलानी नम्बर:-

मिति:-२०८२/०५/२६
ने.सं.:-११४५ नलागा ४, बिहीबार

## मकवानपुर जिल्लामा निषेधाज्ञा तथा कर्फ्यु सम्बन्धी अद्यावधिक जानकारी

जिल्लाको पछिल्लो सुरक्षा स्थितिको समेत विश्लेषणका आधारमा नागरिकहरूको जन धनको सुरक्षा तथा जनजीवनलाई सामान्यीकरण गर्दै जाने सन्दर्भमा जिल्ला सुरक्षा समितिको निर्णय समेतका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) र ६(क) बमोजिम निम्न बमोजिमको आदेश गरिएको छ ।

तपसिल:-

१. निषेधाज्ञा तथा कर्फ्युको मिति र समय:-

| विवरण | मिति र समय | कैफियत |
|---|---|---|
| निषेधाज्ञा | अर्को आदेश जारी नभएसम्मका लागि विहान १०:०० देखि बेलुकी ५:०० बजेसम्म । | |
| कर्फ्यु | अर्को आदेश जारी नभएसम्मका लागि बेलुकी ७:०० देखि विहान ६:०० बजेसम्म । | |
| अत्यावश्यक कार्यको लागि आवतजावत गर्न सकिने समय | विहान ०६:०० देखि १०:०० बजेसम्म र बेलुका ०५:०० बजेदेखि ०७:०० बजेसम्म । | |

२. निषेधाज्ञा तथा कर्फ्युको समयमा एकै ठाउँमा पाँचजना भन्दा बढी मानिस भेला तथा जम्मा नहुने ।
३. अत्यावश्यक सेवाका एम्बुलेन्स, शव वाहन, दमकल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मीका साथै औषधी, खाद्यान्न (पशुपंक्षीका दाना समेत), इन्धन, दुध, तरकारी र पानी ढुवानी तथा ओसारपसार गर्ने सवारी साधनहरू सञ्चालन गर्न सकिने छ ।
४. सरकारी कार्यालय, बैङ्क तथा वित्तीय संस्था लगायत सार्वजनिक संस्थानहरूमा कार्यरत कर्मचारीहरूले आफ्नो परिचयपत्र देखाई कार्यलयसम्म आवतजावत गर्न सकिने छ।
५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडानका यात्रुहरूले आफ्नो उडानको टिकट देखाई सुरक्षाकर्मीहरूसँग समन्वय गरी विमानस्थलसम्म आवतजावत गर्न सकिने छ ।
६. निषेधाज्ञा/कर्फ्यु आदेशको पालना गरी जिल्लाको समग्र शान्ति सुव्यवस्थालाई सामान्ययीकरण गर्न सबैको सहयोगको अपेक्षा गर्दछौं । साथै, यस निषेधाज्ञा तथा कर्फ्युको बर्खिलाप हुने गरी कुनै गतिविधि भए, गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी